# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, माघ २२ गते २०५२ साल (संख्या ४२


## भाग ३

श्री ५ को सरकार

### युवा, खेलकूद तथा संस्कृति मन्त्रालयको सूचना

भानु जन्मस्थल विकास समिति (गठन) आदेश २०५२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "भानु जन्मस्थल विकास समिति (गठन) आदेश, २०५२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित भानु जन्मस्थल विकास समिति सम्झनुपर्छ ।

(ख) "भानु जन्मस्थल" भन्नाले देहायका क्षेत्रहरू सम्झनुपर्छः–

(१) भानु गाउँ विकास समितिको वडा नं. २, ३, ४, ५ र ६ का क्षेत्रहरू,

(२) तनहुँसुर गाउँ विकास समितिको वडा नं. १ का क्षेत्रहरू,

(३) वरभन्ज्याङ गाउँ विकास समितिका वडा नं. ४, ५, ६ र ८ का क्षेत्रहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिमाना क्षेत्रः–

पूर्व– मर्स्याङ्दी नदी

पश्चिम– पल्याङ्ग खोला

उत्तर– फाउँदी खोला

दक्षिण– वरभन्ज्याङ डाँडा

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनुपर्छ ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस आदेशअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. भानु जन्मस्थल विकास समितिको गठनः– (१) भानु जन्मस्थलको सामाजिक, आर्थिक, सांस्कृतिक पक्षको संरक्षण एवं सम्वर्द्धन गरी नेपाली भाषा र साहित्यको विशिष्ट केन्द्रको रूपमा विकसित गर्न भानु जन्मस्थल विकास समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन्ः–

| | |
|---|---|
| (क) श्री ५ को सरकारले तोकेको व्यक्ति– | अध्यक्ष |
| (ख) भानु जन्मस्थलसँग सम्बन्धित क्षेत्रका संसद सदस्य– | सदस्य |
| (ग) सभापति, तनहुं जिल्ला विकास समिति– | " |
| (घ) अध्यक्ष, भानु गाउँ विकास समिति– | " |
| (ङ) अध्यक्ष, तनहुँसुर गाउँ विकास समिति– | " |
| (च) अध्यक्ष, वरभन्ज्याङ गाउँ विकास समिति– | " |
| (छ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, तनहुँ– | " |
| (ज) प्रमुख, मालपोत कार्यालय, तनहुँ– | " |
| (झ) प्रतिनिधि, युवा, खेलकूद तथा संस्कृति मन्त्रालय– | " |
| (ञ) भानु जन्मस्थल तथा नेपाली भाषा र साहित्यको क्षेत्रमा विशिष्ट योगदान गरेका व्यक्तिहरू मध्ये श्री ५ को सरकारले मनोनीत गरेका तीन जना– | " |
| (ट) कार्यकारी निर्देशक– | सदस्य-सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनः मनोनयन हुन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः— समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

(क) भानु जन्मस्थलको विकाससम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गराउने,

(ख) भानु जन्मस्थलको विकाससम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट नगद वा जिन्सी वा अन्य कुनै प्रकारको सहयोग प्राप्त गर्ने,

(ग) आदिकवि भानुभक्तसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित रहेको प्राचीन सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूको संरक्षण, सम्वर्द्धन एवं पुनर्निर्माण गर्ने,

(घ) भानु जन्मस्थलमा रहेको भानु पुस्तकालयलाई नेपाली भाषा र साहित्यको केन्द्रको रूपमा सुदृढ गराउने,

(ङ) आदिकवि भानुभक्तका समकालीन साहित्यकारहरूका हस्तलिखित पाण्डुलिपि एवं मुद्रित सामग्रीहरू तथा भानुभक्तसँग सम्बन्धित प्राचीन सामग्रीहरूको संकलन र संरक्षण गर्ने,

(च) भानु जन्मस्थलको प्राकृतिक सम्पदा एवं वातावरणको संरक्षण तथा सम्वर्द्धन गर्ने,

(छ) भानु जन्मस्थलमा रहेका शैक्षिक संस्था, स्वास्थ्य केन्द्र, पुल, ढल, कुलो, पानी, बिजुली, टेलिफोन, सडक जस्ता आधारभूत चिजहरूलाई व्यवस्थित गर्ने,

(ज) भानु जन्मस्थलमा समय-समयमा भाषिक, साहित्यिक, शैक्षिक तथा सांस्कृतिक महत्वका सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने,

(झ) भानु जन्मस्थलसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूबीच आवश्यक समन्वय गराउने,

(ञ) भानु जन्मस्थलको गरिमालाई आघात पुऱ्याउने कामहरूको नियन्त्रण तथा निषेध गर्ने र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८

(ट) यस आदेशबमोजिम समितिको उद्देश्य पूर्तिको लागि अन्य काम गर्ने, गराउने ।

५. समितिको बैठकसम्बन्धी कार्यविधिः– (१) समितिको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनुपर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिले आवश्यकतानुसार स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार-हरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे-बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकको नियुक्तिः– (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न श्री ५ को सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा श्री ५ को सरकारको स्वीकृति लिई समितिले तोकेबमोजिम हुनेछ ।

७. समितिका कर्मचारीः– (१) समितिले आवश्यकतानुसार समितिका कर्मचारी-हरू नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक सेवाको शर्त तथा सुविधा तोकिए-बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८

८. समितिको कोषः– (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा सहायता स्वरूप प्रदान गरेको रकम ।

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुन आएको रकम ।

(ङ) भानु जन्मस्थल विकास समितिसँग सम्बन्धित जिल्ला विकास समिति, नगरपालिका वा गाउँ विकास समितिबाट प्राप्त अनुदान रकम ।

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनुपर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोष-बाट व्यहोरिनेछ ।

(५) समितिको खाता संचालन समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

९. लेखा र लेखापरीक्षणः– (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून-बमोजिम राख्नुपर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभाग-बाट तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरू नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ ।

१०. उप-समिति वा कार्यटोली गठन गर्न सक्नेः– (१) समितिले यो आदेश वा यस आदेशअन्तर्गत बनेको नियमबमोजिम आफूले गर्नुपर्ने काम गर्नको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्यटोलीहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उप-समिति वा कार्यटोलीहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोकेबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. बैठक भत्ता तथा अन्य सुविधाः– अध्यक्ष र सदस्यहरूले श्री ५ को सरकारले तोकेबमोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

१२. अधिकार प्रत्यायोजनः– समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही वा सबै अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, उप-समिति वा कार्यटोली वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. श्री ५ को सरकारसँग सम्पर्कः– समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालयमार्फत राख्नुपर्नेछ ।

१४. समितिको कार्यालयः– समितिको मुख्य कार्यालय तनहुँ जिल्लाको भानु गाउँ विकास समितिमा रहनेछ र आवश्यकतानुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालय रहन सक्नेछ ।

१५. नियम बनाउने अधिकारः– समितिले यस आदेशको उद्देश्य पूर्तिका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियम लागू हुनेछ ।

आज्ञाले,
शरदकुमार भट्टराई
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले हवाई अड्डा दस्तूर नियमावली, २०३८ को नियम २१ ले दिएको अधिकार प्रयोग गरी उक्त नियमावलीको अनुसूची १, २, ३, ४, ५, ५क, ६ र ७ को सट्टा देहायका अनुसूची १, २, ३, ४, ५, ५क, ६ र ७ राखिएका छन् ।

अनुसूची–१
(नियम ३ संग सम्बन्धित)
अवतरण दस्तूर

(क) अन्तर्राष्ट्रिय उडानको वायुयानमा

| वायुयानको तौल | दस्तूर (यू. एस. डलरमा) |
|---|---|
| १. दश हजार किलोग्रामसम्म – | प्रति हजार किलोग्रामको एक डलर पच्चीस सेण्टको दरले । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६०

| | |
|---|---|
| २. दश हजार किलोग्रामभन्दा बढी पच्चीस हजार किलोग्राम सम्म – | पहिलो दश हजार किलोग्रामको बाह्र डलर पच्चीस सेण्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुई डलर पचास सेण्टको दरले । |
| ३. पच्चीस हजार किलोग्राम भन्दा बढी पचास हजार किलोग्राम-सम्म – | पहिलो पच्चीस हजार किलोग्रामसम्म उनन्चास डलर र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तीन डलर पचहत्तर सेण्टको दरले । |
| ४. पचास हजार किलोग्रामभन्दा बढी पचहत्तर हजार किलो-ग्रामसम्म – | पहिलो पचास हजार किलोग्रामको एक सय चालीस डलर पचास सेण्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको छ डलरको दरले । |
| ५. पचहत्तर हजार किलोग्रामभन्दा बढी एकलाख किलोग्रामसम्म– | पहिलो पचहत्तर हजार किलोग्रामको दुई सय त्रियान्नब्बे डलर पच्चीस सेण्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सात डलर पैंतीस सेण्टको दरले । |
| ६. एकलाख किलोग्रामभन्दा बढी तौलको लागि – | पहिलो एकलाख किलोग्रामलाई चार सय पचहत्तर डलर र त्यसपछि प्रत्येक हजार किलोग्रामलाई आठ डलर पचपन्न सेण्टको दरले । |

द्रष्टव्यः– नेपाली रुपैयाँमा तिर्न पाउने वायुसेवाहरूबाट यू. एस. डलरमा उल्लेखित दरहरू सो उडान भएको दिनको नेपाल राष्ट्र बैंकबाट प्रकाशित मुद्रा विनिमय दर अनुसार नेपालीमा लिइनेछ ।

(ख) आन्तरिक उडानका वायुयानमा (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा)

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. दश हजार किलोग्रामसम्म– | प्रतिहजार किलोग्रामको सत्ताइस रुपैयाँको दरले । |
| २. दश हजार किलोग्रामभन्दा बढी पच्चीस हजार किलोग्रामसम्म – | पहिलो दश हजार किलोग्रामको दुई सय सत्तरी रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौवन्न रूपैयाँको दरले । |
| ३. पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्राम सम्म – | पहिलो पच्चीस हजार किलोग्रामको एक हजार असी रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौरासी रुपैयाँ पचास पैसाको दरले । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६१

| | |
|---|---|
| ४. पचास हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि- | पहिलो पचास हजार किलोग्रामको तीन हजार एकसय उनान्नब्बे रूपैयाँ पचास पैसा र त्यपछिको प्रत्येक हजार किलोग्रामको एकसय एक रूपैयाँ पच्चीस पैसाको दरले । |

(ग) आन्तरिक उडानको वायुयानमा (अन्य विमानस्थलमा)

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. दश हजार किलोग्राम सम्म- | प्रतिहजार किलोग्रामको तेह्र रूपैयाँ पचास पैसाको दरले । |
| २. दशहजार किलोग्रामभन्दा बढी बीस हजार किलोग्राम सम्म | पहिलो दश हजार किलोग्रामको एकसय पैंतीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको बाईस रूपैयाँ पचास पैसाको दरले । |
| ३. बीस हजार किलोग्राम भन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको तीनसय एकहत्तर रूपैयाँ पच्चीस पैसा र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सतचालीस रुपैयाँ पच्चीस पैसाको दरले । |

अनुसूची–२

(नियम ४ संग सम्बन्धित)

वायुयान बिसान दस्तूर

(क) अन्तर्राष्ट्रिय उडानको वायुयानमा

| वायुयानको तौल | दस्तूर (यू. एस. डलरमा) |
|---|---|
| १. पचास हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको एक डलरको दरले |
| २. पचास हजार किलोग्राम भन्दा बढी एकलाख किलोग्राम सम्म | पहिलो पचास हजार किलोग्रामको उनन्चास डलर र त्यस पछिको प्रत्येक हजार किलोग्रामको एक डलर पाँच सेन्टको दरले । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६२

| | |
|---|---|
| ३. एकलाख किलोग्राम भन्दा बढी तौलको लागि | पहिलो एकलाख किलोग्रामको एकसय बाइस डलर पच्चीस सेण्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक डलर पंचान्नब्बे सेण्टको दरले। |

द्रष्टव्यः– आन्तरिक उडानको वायुयानलाई सो बराबर नेपाली रूपैयाँमा लिइनेछ।

(ख) अन्य विमानस्थलमा

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. चालीस हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको अठार रूपैयाँ पचहत्तर पैसाको दरले। |
| २. चालीस हजार किलोग्रामभन्दा बढी एकलाख किलोग्रामसम्म | पहिलो चालीस हजार किलोग्रामको सातसय पचास रूपैयाँ र त्यस पछिको प्रत्येक हजार किलोग्रामको सत्ताइस रूपैयाँको दरले। |
| ३ एक लाख किलोग्राम भन्दा बढी तौलको लागि– | पहिलो एक लाख किलोग्रामको दुई हजार तीनसय बैसठ्ठी रूपैयाँ पचास पैसा र त्यस पछिको प्रत्येक हजार किलोग्रामको सैंतीस रूपैयाँ पचास पैसाको दरले। |

अनुसूची–३

(नियम ५सँग सम्बधित)

गृह आश्रय दस्तूर

(क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा

| वायुयानको तौल | दस्तूर (यू.एस. डलरमा) |
|---|---|
| १. पचास हजार किलोग्राम सम्म– | प्रतिहजार किलोग्रामको एक डलर पन्चानब्बे सेन्टको दरले। |
| २. पचास हजार किलोग्राम भन्दा बढी एकलाख किलोग्राम सम्म– | पहिलो पचास हजार किलोग्रामको सन्तान्नब्बे डलर पचहत्तर सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तीन डलरको दरले। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६३

| | |
|---|---|
| ३. एकलाख किलोग्राम भन्दा बढी तौलको लागि– | पहिलो एक लाख किलोग्रामको दुईसय चौवालीस डलर पचास सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तीन डलर नब्बे सेन्टको दरले । |

द्रष्टव्यः– आन्तरिक उडानको वायुयानलाई सो बराबर नेपाली रूपैयाँमा लिइनेछ ।

(ख) अन्य विमानस्थलमा

| वायुयानको तौल | दस्तूर |
|---|---|
| १. चालिस हजार किलोग्रामसम्म– | प्रतिहजार किलोग्रामको सैंतीस रूपैयाँ पचास पैसको दरले । |
| २. चालीस हजार किलोग्राम भन्दा बढी एकलाख किलोग्रामसम्म | पहिलो चालीस हजार किलोग्रामको एकहजार चार सय पचासी रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौवन्न रूपैयाँको दरले । |
| ३. एकलाख किलोग्राम भन्दा बढी तौलको लागि– | पहिलो एकलाख किलोग्रामको चार हजार सात सय पच्चीस रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौहत्तर रुपैयाँ पच्चीस पैसाको दरले । |

## अनुसूची – ४
(नियम ६ संग सम्बन्धित)

### उड्डयन सहाय सुविधा दस्तूर

| वायुयानको तौल | दस्तूर (यु.एस. डलरमा) |
|---|---|
| १. पच्चीस हजार किलोग्रामसम्म | पैंतालीस डलर नब्बे सेण्ट । |
| २. पच्चीस हजार किलोग्राम भन्दा बढी पचास हजार किलोग्राम भन्दा कम | छयहत्तर डलर पचास सेण्ट । |
| ३. पचास हजार किलोग्राम वा सो भन्दा बढी पचहत्तर हजार किलोग्राम भन्दा कम – | एक सय बाउन्न डलर पचहत्तर सेन्ट । |
| ४. पचहत्तर हजार किलोग्राम भन्दा बढीको लागि – | तीनसय पाँच डलर पचास सेन्ट । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ५
(नियम ९ संग सम्बन्धित)
सवारी साधन बिसान दस्तूर

| सवारी साधनको किसिम | दस्तूर (प्रत्येक दुई घण्टाको लागि) |
|---|---|
| १. साईकल – | एक रुपैयाँ पचास पैसा । |
| २. मोटर साईकल, स्कुटर र रिक्सा | तीन रुपैयाँ । |
| ३. कार, जीप, टेम्पो, एक्का तथा गाडा – | छ रुपैयाँ |
| ४. बीस सीटभन्दा कम क्षमता भएको मिनीबस वा बस वा बग्गी | पन्ध्र रूपैयाँ । |
| ५. बीस सीटभन्दा बढी क्षमता भएको मिनीबस वा बस र ट्रक– | तीस रूपैयाँ । |
| ६. अरू इन्धन शक्तिले वा अन्यथा चल्ने सवारी साधन– | तौलको आधारमा १ देखि ४ सम्मका वर्गमा पारी दस्तूर लिने । |

अनुसूची–५ क
(नियम १० (१) संग सम्बन्धित)
प्रवेश शुल्क

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनभित्रको सार्वजनिक क्षेत्र (प्रतिबन्ध वा निषेध गरेकोमा बाहेक) मा प्रवेश गर्दा पन्ध्र रूपैयाँ ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनको सार्वजनिक क्षेत्र (प्रतिबन्ध वा निषेध गरेकोमा बाहेक) मा प्रवेश गर्दा दश रूपैयाँ ।

३. अन्य आन्तरिक विमानस्थल भवनको सार्वजनिक क्षेत्र (प्रतिबन्ध वा निषेध गरेकोमा बाहेक) मा प्रवेश गर्दा पाँच रूपैयाँ ।

अनुसूची–६
(नियम ११ संग सम्बन्धित)
भवन तथा कोठा बहाल

| | |
|---|---|
| १. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा– | प्रति महिना प्रति वर्गमिटरको चार सय पचास रूपैयाँको दरले । |
| २. अन्य विमानस्थलमा– | प्रति महिना प्रति वर्ग मिटरको एकसय पचास रूपैयाँको दरले । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६५

अनुसूची–७
(नियम १५ संग सम्बन्धित)
विज्ञापन दस्तूर

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

| स्थान | दस्तूर |
|---|---|
| क) अन्तर्राष्ट्रिय विमानस्थल भवनभित्र– | प्रति महिना प्रति वर्ग मिटर एक हजार एक सय पच्चीस रूपैयाँको दरले। |
| ख) आन्तरिक टर्मिनल भवनभित्र– | प्रति महिना प्रति वर्ग मिटर सात सय सतासी रूपैयाँ पचास पैसाको दरले। |
| ग) अन्तर्राष्ट्रिय विमानस्थल भवन बाहिर वा आन्तरिक भवन बाहिर विमानस्थल इलाकाभित्र– | प्रति महिना प्रति वर्ग मिटर छ सय पचहत्तर रूपैयाँको दरले। |
| घ) अन्तर्राष्ट्रिय विमानस्थल भवन बाहिर वा आन्तरिक भवन बाहिर कुनै किसिमको व्यानर, प्लेकार्ड इत्यादि अस्थायी रूपमा राख्न दिएमा– | प्रति दिन प्रति वर्गमिटर दुई सय पच्चिस रूपैयाँ। |

२. अन्य विमानस्थल

| स्थान | दस्तूर |
|---|---|
| क) विमानस्थल भवनभित्र– | प्रति महिना प्रति वर्गमिटर दुईसय पच्चीस रूपैयाँ। |
| ख) विमानस्थल भवन बाहिर– | प्रति महिना प्रति वर्ग मिटर एकसय बाह्र रूपैयाँ पचास पैसाको दरले। |

आज्ञाले,
दीपेन्द्रपुरुष ढकाल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

४९६

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ७ को उपदफा (४) को प्रयोजनका लागि पचास करोड रुपैयाँभन्दा बढी स्थिर जेथामा लगानी भएका उद्योगलाई तोकेको छ ।

आज्ञाले,
डा. भोलानाथ चालिसे
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले नागरिक लगानी कोष ऐन, २०४७ को दफा ५१ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नागरिक लगानी कोष अन्तर्गतको "नागरिक एकांक योजना" मा सर्वसाधारणहरूबाट जम्मा भएको रू. १०,०००।– (दश हजार) सम्मको लगानी र सो मा प्राप्त हुने व्याजमा लाग्ने आयकर दशबर्षको अवधिसम्म पूर्ण-रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६०८

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

वाणिज्य मन्त्रालयका का. मु. सचिव श्री मोहनदेव पन्त जनवरी १५–१७, १९९६ सम्म जेनेभामा हुने Regional Economic Arrangement and their Relationship with the Multilateral Trade System विषयक सेमिनारमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री राजाभाइ शाक्यलाई मिति २०५२।९।२९ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

शिक्षा मन्त्रालयका का. मु. सचिव श्री खेमराज रेग्मी पाकिस्तानको इस्लामावाद-मा South Asian Sub-Regional Mid-decade Review of Progress Towards Education for all विषयको बैठकमा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विश्वनाथ अर्यालला‌ई मिति २०५२।९।३० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६